# टीकालाई संगीतप्रेमीको साथ



दर्शकले खचाखच भरिएको हलमा वाद्यवादन समूहका साथ एकल साँझमा प्रस्तुत भए गायक तथा संगीतकार, टीका बोम्जन। पहिलो प्रस्तुतिस्वरूप राष्ट्रिय भावनाले ओतप्रोत *माटोले माग्दैन आफैंले दिनुपर्छ* बोलको गीत गाएपछि दर्शक दीर्घामा रहेका कामु प्रधानसेनापति पूर्णचन्द्र थापा मञ्चमा उक्लिए अनि टीकालाई धाप मार्दै एकछिन् साउती मारे। 'कामु प्रधानसेनापतिज्यूले मेरो स्वर र संगीतको प्रशंसा गर्दै बधाई दिनुभयो' -टीकाले सुनाए।

भद्रकालीस्थित त्रिभुवन आर्मी अफिसर्स क्लबमा हालै सम्पन्न *टीका बोम्जन एकल साँझ-२०७५* मा दर्शकको बाक्लो उपस्थितिका



बीच टीकाले आफ्ना गीत संगीत प्रस्तुत गरेर भरपुर सांगीतिक आनन्द दिलाए। उनको प्रस्तुति हेर्न केही दिनअघि मात्र सडक दुर्घटनामा परी उपचार गराइरहेका गायक शिव परियार बैशाखी टेकेर कार्यक्रममा पुगे। नेपाली सेनामा कार्यरत टीकाले २०५९ सालमा नगरकोटस्थित रिपिटर टावरको पोस्ट मर्मत गर्ने क्रममा लडेर हाइभोल्टेज करेन्टमा परी उपचारका क्रममा दुवै हात गुमाउनुपरेको थियो। '२१ वर्षको उमेरमा मैले दुवै कर्मठ हात गुमाए पनि आज सयौं हातको साथ पाएको छु' -उनले भने।

हिमालय नेपाली इभेन्ट्स प्रालिको आयोजनामा भएको कार्यक्रममा टीकाले *बार प्रिये बार, तिमी मेरै, झरना पानी, यो देशलाई, सैलुङे गाउँकी, मैलेभन्दा माया दिने* बोलका गीत प्रस्तुत गरेका थिए। पवनवाङ लामाको ब्यान्ड संयोजनमा तबलामा कुमार महाराज र भुवन गन्धर्व, लिड गीतारमा देवासिस मोक्तान, बेस गीतारमा अनुप दास, बाँसुरीमा गोपालदेव घतानी, किबोर्डमा रूपमसिंङ गुरुङ, अक्टोप्याडमा रूपेशसिंह गुरुङले टीकालाई वाद्यवादनमा साथ दिएका थिए। कार्यक्रममा दुर्गा परियार, इन्दिरा गोले, सुरेश लामा, अनिल लामालगायतका गायकगायिकाले टीकाद्वारा संगीतबद्ध गीत गाएका थिए भने भीमफेंदी गाइजले नृत्य प्रस्तुत गरेर मनोरञ्जन दिलाएको थियो।




## धरहरा

# खोई त कारबाही



केही दिनदेखि काठमाडौंमा दूधको चर्चा सेलाउन नपाउँदै फेरि पानीको चर्चाले बजार तताएको छ। दूधको गुणस्तर निरीक्षण गर्ने क्रममा सम्बन्धित मन्त्रीहरू स्वयम् अग्रसर हुनुभएकोमा उहाँहरू निश्चिय नै प्रशंसाका पात्र हुनुभयो। तर कारबाही गरिएका कुरा कतै सुन्न पाइएन त्यस्तै अब फेरि हिले वर्षाले मानव स्वास्थ्यमा कस्तो असर पार्ने हो, त्यो त हेर्नै बाँकी छ।

दुर्भाग्यवश सरकारी दुग्ध विकास संस्थानलगायतका थुप्रै दूध डेरीले उपभोक्तालाई वितरण गरेको दूधमा युरिया मल, नुन र कास्टिक सोडाजस्ता अखाद्य पदार्थ भेटिनुको साथै दूध प्रशोधन केन्द्रहरू मापदण्डविपरीत दुर्गन्धित रहेका र दूधमा हानिकारक किटाणु भेटिएका खबर सञ्चारमाध्यममा छ्यापछ्यापती आए। यसले पूरै दूध उपभोक्ताको मन मस्तिष्कमा भुइँचालो नै ल्याएको छ। जनता बजारबाट दूध खरिद गर्नै छोडिसके। यस्तो दूधले मानव स्वास्थ्यमा पार्ने प्रतिकूल प्रभाव त छँदै छ। उपभोक्ता पनि टाडिदै गए भने दूध उत्पादक किसानलगायत स्वदेशी डेरी उद्योगलाई समेत के कस्तो असर पर्छ भन्ने अनुमान सहजै गर्न सकिन्छ।

यिनै कुरालाई मध्यनजर राख्दै ठोस र उपयुक्त कदम चाल्न के सरकार अग्रसर हुन सक्ला ? साथै यस्ता कुकृत्यहरू अब हुन पाउने छैनन्, बजारमा उपलब्ध दूध खानयोग्य छन् र अब उप्रान्त निर्धक्क भएर खाए हुन्छ भन्ने खालका सूचनाहरू पनि के सार्वजनिक रूपमा आउलान्!?

# सृष्टि र विनयको भेंडेटार रोमान्स

पूर्वनेपाल सुन्दरी सृष्टि श्रेष्ठ र अभिनेता विनय श्रेष्ठको रोमान्सले भरिएको फिल्म *रोमियो एन्ड मुना*को अर्को रोमान्टिक गीत *भेंडेटार घुमौला* सार्वजनिक भएको छ।

यसको अडियो भिडियोमा फिल्मका केन्द्रीय कलाकार सृष्टि र विनय नै देखिएका छन्। कोसिस क्षेत्रीको संगीत रहेको गीतमा विनय र मीना निरौलाले स्वर भरेका छन्।

गीतको शब्द निर्देशक दिनेश राउतले कोरेका हुन्। आगामी साउन ११ गते अल नेपाल रिलिज हुने फिल्मको केही दिनअगाडि राक्षस अवतारको पोस्टर रिलिज भएको थियो भने त्यसअगाडि फरकफरक ३ गीतसमेत रिलिज भइसकेका छन्। ५ गीत रहेको चलचित्रको अझै १ गीत सार्वजनिक गर्न बाँकी रहेको निर्माता प्रशन्न गोपालीले जानकारी गराए। *डाइङ क्यान्डल* निर्देशक नरेशकुमार केसीको निर्देशन रहेको रोमियो एन्ड मुनामा सृष्टि र विनयसँगै सुष्मा कार्की, सुरक्षा पन्त र प्रज्ज्वल सुजल गिरीले अभिनय गरेका छन्।





# शाहरूखले पाएनन् हिरोइन

बलिउडमा कुनै समय शाहरूख खान, सलमान खान, अमिर खानजस्ता अभिनेतासँग काम गर्न भनेपछि कुनै पनि हिरोइन मरिहत्ते गर्थे। तर अहिले समय फेरिएको छ। उनीहरूले आफूहरू स्टारडममा हिरोभन्दा कम नभएको छनक दिइरहेका छन्।

त्यसैले उनीहरूले कुनै पनि फिल्ममा साइन गर्नुअगाडि राम्रोसँग सोच विचार पुर्‍याउन थालेको देखिन्छ। यही कारण अभिनेता शाहरूख खानले आफ्नो फिल्मका लागि कुनै पनि हिरोइन पाउन सकेका छैनन्। उनी हाल भारतीय अन्तरिक्ष यात्री राकेश शर्माको बायोपिकमा आधारित फिल्म बनाउन लागिरहेका छन्। तर उनले निर्माण गर्न लागिरहेको बायोपिक *सल्युट*मा महिलाको भूमिका निर्वाह गर्न कुनै अभिनेतृ राजी नभएको भारतीय सञ्चार माध्यमले जनाएका छन्।

फिल्ममा राकेशको भूमिकामा शाहरूख आफैं छन्। तर आश्चर्यको कुरा के छ भने उनकी पत्नीको भूमिका निर्वाह गर्नका लागि बलिउडका कुनै पनि 'ए' लिस्टर अभिनेतृ तयार छैनन्। रिपोर्टअनुसार यस भूमिकाका लागि अभिनेतृ करिना कपुर तथा प्रियंका चोपडालाई भनिए पनि उनीहरूले पुरुष पात्रको अगाडि आफ्नो भूमिका दबिने महसुस गरेर फिल्म अस्वीकार गरेका थिए। 'ए' लिस्टर हिरोइनले काम गर्न अस्वीकार गरेपछि अब महिलाको भूमिका नै हटाउने वा नयाँ हिरोइनलाई भए पनि लिने भन्ने कुरा चलिरहेको समाचारमा जनाइएको छ।

# संगीतकर्मी अस्तित्वको लागि लड्ने

बनेपा, (नेस)। कलाकारको सामाजिक सुरक्षा नभएको भन्दै कलाकारको हक अधिकारका लागि राष्ट्रिय संगीतकर्मी संघ लड्ने भएको छ। सरकारसँग आफ्ना हक अधिकार खोजीका लागि वार्ता थालिने राष्ट्रिय संगीतकर्मी संघका केन्द्रीय अध्यक्ष राजेन्द्रकुमार कार्कीले बताए।

संघको चौथो अधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारीका लागि राष्ट्रिय संगीतकर्मी संघ काभ्रेले आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा सम्बोधन गर्दै कार्कीले सो कुरा बताएका हुन्। आवश्यक परे कलाकारका हक हित र सामाजिक सुरक्षाका लागि आन्दोलन नै गर्न समेत संगीतकर्मी संघ तयार रहेको उनले बताए। अध्यक्ष कार्कीले संगीत विकास बोर्ड गठन हुन जरुरी रहेकोमा जोड दिँदै कलाकर्मीलाई अझै पनि बाच्न सहज वातावरण नभएको बताए। उनले राष्ट्रको गहना मानिने कलाकारलाई सरकारसँग अस्पतालमा निःशुल्क उपचारका लागि संघले प्रयत्न गरिरहेको दाबी गरे। संघले कलाकारको हक अधिकारका लागि सरकारसँग ११ बुँदे माग राखेको समेत बताए।

कार्यक्रममा प्रमुख आतिथि लोक गायक मच्छेश्वर सापकोटाले कलाकारलाई देशको गहना भन्ने गरे पनि देशको सम्पत्ति भएको बताए। कलाकारलाई सरकारले भेदभाव गरेको उनले बताए।

कार्यक्रममा संघका पूर्वअध्यक्ष लोकदोहरी गायक रेशम थापाले पहिलो प्राथमिकता भनेको कलाकार टिकाउन सबै क्षेत्रबाट रोयल्टी उठाउनु रहेको बताए। अहिले केही रोयल्टी उठ्ने गरे पनि वास्तविक कलाकारको हातमा रोयल्टी पुग्न नसकेको जनाउँदै थापाले अब यसको नेतृत्व संगीतकर्मी संघले गर्ने बताए। यस्तै संघका वरिष्ठ उपाध्यक्ष नमराज ढुंगाना, उपमहासचिव गोविन्द दुलाल, संघको प्रदेश नं. ३ का संयोजक दीपक रिमालले कलाकारिताका वर्तमान अवस्था तथा यस क्षेत्रमा व्याप्त रहेका विसंगति अनि चुनौतीबारे आ-आफ्ना धारणा राखेका थिए।

कार्यक्रममा प्रमुख अतिथि सापकोटा, लोक गायिका सरस्वती सापकोटा, लोकदोहोरी गायक तथा संघका सचिव हास्यकलाकार भगवान् खत्री, मान मोक्तान, रश्मी लामा, अनिशा लामालगायतले आकर्षक प्रस्तुति दिएका थिए। कार्यक्रम संगीतकर्मी संघ, जिल्ला शाखा काभ्रेको आयोजना र इन हाउस क्रियसनको सहआयोजनामा सम्पन्न भएको थियो।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ